# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ०2 ० संख्याः९ मितिःफाल्गुन27 , २०७५


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम टोखा नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग२–

## खेलकूद तथा अतिरिक्त क्रियाकलाप विकास कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५

**प्रस्तावना** : टोखा नगरपालिका क्षेत्रभित्रको खेलकुद तथा अतिरिक्त क्रियाकलापको गौरवपूर्ण इतिहासलाई संरक्षण र सम्बर्द्धन गर्दै खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भाव कायम गराउँदै सुसंस्कृत समाजको निर्माण गर्न, तथा देशको सार्वभौमिकता रक्षा गर्नका लागि स्वस्थ्य प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तनप्रति सचेत स्वस्थ्य नागरिक बनाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति आर्जन गर्ने उद्देश्यलाई मुर्त रुप दिन बाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चान ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो खेलकुद तथा अतिरिक्त क्रियाकलाप विकास कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(क) यो कार्यविधिको नाम खेलकुद तथा अतिरिक्त क्रियाकलाप विकास कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि रहनेछ ।

(ख) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "प्रमुख" भन्नाले टोखा नगरपालिकाका प्रमुखलाई जनाउछ ।

(ख) "उपप्रमुख" भन्नाले टोखा नगरपालिकाका उपप्रमुखलाई जनाउँछ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले टोखा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

(घ) "कार्यविधि" भन्नाले टोखा नगरपालिकाको खेलकुद तथा अतिक्ति क्रियाकलाप विकास कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि सम्झनुपर्छ ।

(ङ) "खेलाडी" भन्नाले टिम, क्लब, संघ संस्था सम्बद्ध खेलाडी भन्ने सम्झनुपर्छ ।

(च) "टिम, क्लब, संघ, संस्था" भन्नाले टोखा नगरपालिकाले तोके बमोजिम दर्ता भएका टोखा नगरक्षेत्र भित्रका टिम, क्लब, संघ, संस्थालाई सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले दफा ५ (क) बमोजिम गठित खेलकुद तथा अतिरिक्त क्रियाकलाप विकास कोष सञ्चालन समितिलाई सम्झनुपर्छ ।

(ज) "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिईने उपहार, सम्मान, पुरस्कारलाई सम्झनु पर्दछ ।

(झ) "अतिरिक्त क्रियाकलाप" भन्नाले विद्यालयस्तरमा आयोजना गरिने चित्रकला र हस्तकला प्रतियोगिता, बाद्यबादन प्रतियोगिता, नृत्य प्रतियोगिता, नाटक प्रतियोगिता, वक्तृत्व कला प्रतियोगिता, हाजिरी जवाफ प्रतियोगिता, हिज्जे प्रतियोगिता, खेलकुद प्रतियोगिता, साहित्यिक गतिविधि, कविता र निबन्ध प्रतियोगिता, फूलबारी प्रतियोगिता र अन्य प्रतियोगितालाई सम्झनु पर्दछ ।

(ञ) "कार्यपालिका" भन्नाले टोखा नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ट) "वडा" भन्नाले टोखा नगरपालिकाको सम्बन्धित वडा समितिलाई सम्झनु पर्दछ।

३. **खेलकूद तथा अतिरिक्त क्रियाकलाप विकास कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधिका उद्देश्यहरु**

(क) खेलकुद तथा अतिरिक्त क्रियाकलापको माध्यमबाट नगरक्षेत्रको कला, संस्कृति र खेलकूदको प्रतिष्ठा बृद्धिमा सहयोग पुर्याउनु ।

(ख) खेलकुद तथा अतिरिक्त क्रियाकलापको माध्यमबाट नगरपालिकाको गौरवपूर्ण इतिहासलाई संरक्षण र सम्बर्द्धन गर्दै समाजमा अनुशासन र सामाजिक सद्भाव कायम गराउँदै सुसंस्कृत समाजको निर्माण गर्ने कार्यमा सहयोग पुऱ्याउनु ।

(ग) खेलकुद तथा अतिरिक्त क्रियाकलापहरु व्यवस्थित रुपमा सञ्चालन गरी यसको माध्यमबाट स्वच्छ प्रतिस्पर्धाको भावना जागृत गराई समाजमा अनुशासन कायम गराउने कार्यमा सहयोग पुर्याउनु,

**४. <u>नगर खेलकुद कोष सञ्चालन समितिको गठन र यसको काम, कर्तव्य र अधिकार</u>**

(क) नगर कार्यपालिकाले देहाय बमोजिमको पदाधिकारी रहने गरी एक नगर खेलकुद कोष सञ्चालन समिति गठन गर्नेछ :

(१) उप प्रमुख -संयोजक

(२) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(३) सामाजिक विकास समितिका संयोजक -सदस्य

(४) कार्यपालिकाका सदस्यहरुमध्येबाट प्रमुखले तोकेको एक जना महिला सदस्य -सदस्य

(५) सामाजिक विकास शाखा प्रमुख -सदस्य सचिव

(ख) आवश्यकता अनुसार उपरोक्त समितिमा सम्बन्धित विधाका राष्ट्रिय स्तरका व्यक्तित्वहरुलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ ।

(ग) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठकमा भाग लिए वापत समितिका सदस्यहरुले नगर कार्यपालिकाका सदस्यहरुले पाए सरह बैठक भत्ता पाउनेछन् ।

(घ) नगर खेलकदु कोष सञ्चालन समितिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ :

(१) नगरपालिकाले तोकेको बजेटको सीमा भित्र रही खेलकुद तथा अतिरिक्त क्रियाकलापका प्रतियोगिताहरुको वार्षिक कार्य योजना तयार गरी कार्यपालिकामा पेश गर्ने ।

(२) कार्यपालिकाबाट स्वीकृत भएका बिभिन्न विधाका प्रतिस्पर्धात्मक प्रतियोगिताहरु आयोजना गर्ने,

(३) अन्य नगरपालिकाले आयोजना गरेका खेलकुद तथा अतिरिक्त क्रियाकलापका कार्यक्रममा आमन्त्रण गरिएमा टोखा नगरक्षेत्र भित्रका खेलाडी, टीम, क्लब वा

विद्यालयलाई आवश्यकता र औचित्यका आधारमा सहभागी गराउने,

(४) निजी क्षेत्रलाई समेत खेलकुदमा सहभागी र साझेदार बनाउन पहल गर्ने,

(५) टोखा नगरपालिकाको संयोजनमा बिभिन्न विधाका खेलाडी तथा प्रतियोगीहरुको पहिचान र प्रोत्साहन सम्बन्धी योजना बनाई लागू गर्ने,

(६) खेलकुद तथा अतिरिक्त क्रियाकलापको बिकासका लागि प्रदेश सरकारसंग सम्पर्क गर्न नगरपालिकाको परामर्शमा विभिन्न योजना बनाई पेश गर्ने,

(७) नगरपालिकाभित्र खेलकुद तथा अतिरिक्त क्रियाकलाप प्रतियोगिता संचालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकाय वा विद्यालयबीच समन्वय गरी खेल तथा अतिरिक्त क्रियाकलाप विकास गर्न सहयोग गर्ने ।

(८) खेलकुद तथा अतिरिक्त क्रियाकलापमा महिला सहभागिता बृद्धि गर्न प्रोत्साहन गर्ने खालका अभियान संचालन गर्ने ।

(९) खेलकुद विकासको निमित्त भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरुसँग समन्वय गर्ने ।

(१०) खेलकुद तथा अतिरिक्त क्रियाकलापको विकासका लागि सभा, सम्मेलन, गोष्ठी गर्ने ।

(११) राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल नगरपालिकाभित्रका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्ने ।

(१२) नगरपालिकामा दर्ता भएका टिम, क्लब, संघ, संस्थाहरु मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्ने,

(१३) नगर क्षेत्रभित्र रहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरुको क्षमता विकासमा सहयोग गर्ने,

(१४) नगरपालिकाले तोकेको अन्य कार्य गर्ने ।

## ५. नगर खेलकुद तथा अतिरिक्त क्रियाकलाप विकास कोषको स्थापना

(क) खेलकुद तथा अतिरिक्त क्रियाकलापका प्रतियोगिता सञ्चालन, तालिम, प्रशिक्षण, सभा सम्मेलन, सम्मान, पूर्वाधार विकास लगायतका कार्यका लागि नगरपालिकामा एक खेलकुद तथा अतिरिक्त क्रियाकलाप विकास कोष स्थापना हुनेछ । यस कोषमा देहाय बमोजिमका रकमहरु जम्मा गरिनेछ :

(१) नगरपालिकाको आन्तरिक आयबाट खेलकुद तथा अतिरिक्त क्रियाकलाप विकास कोषका लागि छुट्याइने वार्षिक रकम ।

(२) वित्तीय समानिकरण अनुदान र राजस्व बाँडफाँडबाट यस कोषमा जम्मा गर्न मिल्ने रकम ।

(३) संघीय तथा प्रदेश सरकार, राष्ट्रिय खेलकुद परिषद्, राष्ट्रिय तथा अन्तराष्ट्रिय निकाय र व्यक्तिबाट खेलकुद तथा अतिरिक्त क्रियाकलाप विकासका लागि प्राप्त हुने रकम ।

(४) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गर्दा संकलन भएको रकम ।

(५) नगरभित्रका टिम, क्लब, संघ संस्था आवेदन शुल्क, नवीकरण शुल्क, फारम शुल्क आदी ।।

**(ख) कोषको खाता सञ्चालन, प्रयोजन र लेखा परीक्षण**

(१) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखाका प्रमुख वा निजहरुले तोकेको अन्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) नगर सभाबाट निर्णय भए बमोजिम एक आर्थिक वर्षका लागि एक पटक मात्र कोषमा एकमुष्ट रकम जम्मा गरिनेछ । तर, रकम अपुग भई कोष सञ्चालन समितिले माग गरेमा कार्यपालिकाको निर्णय बमोजिम रकम थप गर्न सकिनेछ ।

(३) कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सोही प्रयोजन बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न पाइने छैन ।

(४) कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखा परिक्षण शाखावाट हुनेछ ।

(५) कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकको विभागबाट हुनेछ ।.

(६) कोषको रकम खर्च गर्दा यस निर्देशिकामा तोकिएको कुरामा यसै निर्देशिका बमोजिम र अन्य कुराको हकमा टोखा नगरपालिकाको आर्थिक ऐन, २०७५ र सार्वजनिक खरीद ऐन, २०६३ तथा निमायवली २०६४ बमोजिम हुनेछ ।

६. **आचार संहिता :** खेल सम्बन्धी विषयका खेलाडी, प्रशिक्षक, समिति संयोजक तथा सदस्य र नगरपालिकाका कर्मचारीहरु लगायत अतिरिक्त क्रियाकलापसँग सम्बद्ध सबैले देहाय बमोजिमको आचारसंहिता पालना गर्नु पर्नेछ– :

(क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिबन्धित लागु औषध र मादक पदार्थ सेवन गर्न पाउने छैनन ।

(ख) खेलाडी टिमले विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी टिम बनाउन पाइने छैन । तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिँदा गैर नेपाली टिमलाई मान्यता दिइनेछ ।

(ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला खेलाडीहरुलाई मात्र मान्यता दिइनेछ । तर कोचिङ्ग कक्षा संचालन गर्न दर्ता नभएको टिमलाई पनि समावेश गराउने सकिनेछ ।

(घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेल टिममा समावेश गराइने छैन ।

(ङ) खेलको विजय पश्चात पाउने सील्ड, ट्रफि कहिं बेच्न, कतै धरौटी राख्न वा उपहार दिन पाइने छैन । तर कुनै दर्तावाला क्लब विघठन हुन गई उक्त क्लबले प्राप्त गरेको सिल्ड, ट्रफि नगरपालिकाको स्वीकृतिमा अर्को दर्तावाला क्लवलाई उपहार दिन भने बाधा पुग्ने छैन ।

(च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइनेछैन, तर संरक्षण गर्न बाधा पर्ने छैन ।

(छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइनेछैन ।

(ज) खेलाडीहरुलृ आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिई पक्ष क्ल्यापिङ्ग, हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइनेछ । तर विपक्षी टिमका व्यक्तिहरु वा टिमलाई इंगित गरी काटुन, चिकारिता, हुटिङ्ग, व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शब्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

(झ) खेलको प्रतिस्पर्धा निम्ति नगरपालिकाको स्विकृति र इजाजत विना आफ्नो टिमको नाममा जवर्जस्ती चन्दा उठाउन पाइने छैन

(ञ) नगरपालिकाको स्विकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धी क्लवबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

(ट) यस अघिनै अन्यत्र दर्ता भएका वा नगरपालिकामा सूचीकृत भएका संस्थाहरुले नगरपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन् ।

७. **सौजन्यता :** दर्ता भएका टिम, क्लब, संघ, संस्थाहरुले कसैको सौजन्यमा कुनै खेल सञ्चालन गर्न चाहेमा सो को नगरपालिकको पूर्व स्वीकृति लिनुपर्नेछ । तर नगरपालिकाले स्विकृत नदिएको खण्डमा भने व्यक्ति वा संस्थाको सौजन्यतावाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल संचालन गर्न बाधा पर्ने छैन ।

८. **दर्ता र स्वीकृति :**

(क) नगरपालिकाभित्र गठित कुनै पनि टिम, क्लब वा खेलकुद संग सम्बन्धित संघ संस्था नगरपालिकामा दर्ता हुनु पर्नेछ । नगरपालिकाले खेलकुदसंग सम्बन्धित दर्ता नभएका टिम, संस्था वा क्लवलाई खेल संचालन गर्ने स्वीकृति दिनेछैन ।

(ख) संस्था दर्ता र विधान स्वीकृतीको लागि अनुसूची-१ को ढाँचामा निवेदन दिईनु पर्नेछ ।

(ग) सस्था दर्ता र विधान स्वीकृतीको लागि निबेदन पर्न आएमा नगरपालिकाले विधान स्वीकृत गरी संस्था दर्ता गरी अनुसूची-२ को ढाँचामा प्रमाण पत्र दिनु पर्नेछ । सोही प्रमाण पत्रमा हरेक वर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले हस्ताक्षर गरी नविकरण गर्नुपर्नेछ ।

(घ) पहिल्यै दर्ता भइ सकेको संस्था भए नगरपालिकामा सूचीकृतको लागी अनुसूची-३ को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ ।

(ङ) सूचीकृत भएका संस्थाहरुलाई अनुसुची-४ बमोजिम प्रमाण पत्र दिईनेछ । सोही प्रमाण पत्रमा हरेक वर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले हस्ताक्षर गरी नविकरण गर्पर्नुेछ ।

(च) दर्ता वा सूचीकृत भएका संस्थाको नविकरण गर्न दिईने निवेदन अनुसूची ५ बमोजिमको ढाँचामा हुनुपर्नेछ ।

(छ) नगरपालिकामा दर्ता वा सूचीकृत गर्दा आवेदन फारम शूल्क बाहेक अन्य दस्तुर लाग्ने छैन । तर, नविकरण गर्दा नगर सभाले तोके बमोजिमको शुल्क लाग्नेछ ।

(ज) प्रत्येक वर्षको आषाढ मसान्त भित्र सवै दर्तावाला वा सूचीकृत संस्थाहरुले नगरपालिकामा अनिवार्य रुपमा नविकरण गराउनु पर्नेछ ।

**९. जरिवाना :**

(क) दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरुले नविकरण नगराएमा नगर सभाबाट स्वीकृत भए अनुसारको देहाय बमोजिम जरिवाना गरिनेछः

(१) एक वर्ष सम्म पनि नविकरण नगरेमा रु ........../–

(२) दुई वर्ष सम्म पनि नविकरण नगरेमा रु ......../–

(३) तीन वर्ष सम्म पनि नविकरण नगरेमा रु ........../-

(४) पाँच वर्ष सम्म पनि नविकरण नगरेमा रु .........../-

(ख) पाँच वर्ष भन्दा बढी समय सम्म पनि नविकरण नगर्ने संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ। यसरी समयमै नविकरण नगरी दर्ताको सूचीबाट हटी सकेको संस्थामा संलग्न व्यक्तिको अर्को संस्था दर्ता गरिने छैन ।

(ग) समयमै नविकरण नगर्ने संस्थाले जरिवाना बुझाउनु पर्नेछ । तर संस्थाको कुनै व्यक्तिका कारणले संस्था नविकरण गर्न विलम्ब हुन गएको भए उक्त व्यक्तिबाट संस्थाले असूल उपर गर्न सक्नेछ ।

**१०. संस्थाको विघटन :** दर्ता भएका खेलकुदका संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्नेछन :–

(क) संस्थाका दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा,

(ख) लगाातार ५ वर्ष सम्म संस्था नविकरण नगरेमा,

(ग) संस्थाका पदाधिकारी निष्कृय भएमा वा वेपत्ता भएमा,

(घ) प्राकृतिक विपत्तिको कारणबाट संस्था क्षत् विक्षत् भएमा ।

**११. विघटित सस्थाको सम्पत्ति :** विगटन भएको संस्थाको सम्पत्ति नगरपालिका मातहतमा रहनेछ ।

**१२. खारेजि र बचाउ :** टोखा नगरपालिका मातहत संचालन हुने खेलकुदसँग सम्बन्धित यस अघिका निर्णय र नीति नियमहरु खारेज हुनेछन् । सो बखत भएका खेलकुद गतिविधिहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनुसूची १
(दफा ८ (ख) सँग सम्बन्धित)

## खेलकुदसँग सम्बन्धित टिम, क्लब वा संघ संस्था दर्ता निवेदन

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
टोखा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, मैजुहिटी, काठमाडौं ।

**विषय : संस्था दर्ता सम्बन्धमा ।**

म/हामीले तपसीलमा उल्लेखित विवरण अनुसारको खेलकुद सम्बन्धी टिम/क्लब/संघ/संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले टिम/क्लब/संघ/संस्थाको विधान समेत तयार गरी सकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखी उक्त विधान स्वकीकृतका साथै टिम/क्लब/संघ/संस्था दर्ताका लागि आवेदन गरेको छु/छौं । नियमानुसार टिम/क्लब/संघ/संस्था दर्ता गरी दिनु हुन अनुरोध गरिन्छ ।

संस्थाको कार्यालय रहने स्थान :.....................................
टोखा नगरपालिका वार्ड नं..........., टोल : .....................

| | |
|---|---|
| सचिव | अध्यक्ष |
| नाम | नाम : |
| हस्ताक्षर : | हस्ताक्षर : |

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु**

क) संस्थाको विधानको मस्यौदा
ख) आवेदक र समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि
ग) संस्थाको छापको नमूना

अनुसूची २

(दफा ८ (ग) संग सम्बन्धित)

टोखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, मैजुहिटी, काठमाडौं ।

**<u>संस्था दर्ता प्रमाण पत्र</u>**

संस्थाको नाम :.......................................................

ठेगाना :.........................................................

दर्ता हुँदाका बखत रहनु भएका समितिका
पदाधिकारी र सदस्य संख्या :
दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नाम :
माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी सँस्था दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ। टोखा नगरपालिका खेलकुद तथा अतिरिक्त क्रियाकलाप विकास कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधिहरु संचालन गर्न अनुमति दिईएको छ ।

....................................

प्रमुख प्रशासकीय अधिकृत

**संस्था नविकरणको विवरण**

| क सं | सस्थाको नाम | नविकरण भएको मिति | नविकरण दस्तुर | कर्मचारीको नाम, हस्ताक्षर र नपाको छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची ३
(दफा ८ (घ) संग सम्बन्धित)

**संस्था सुचिकृत गर्ने निवेदनको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, मैजुहिटी, काठमाडौं ।

**विषयः संस्था सुचिकृत गरिदिनु हुन ।**

हामीले मिति ....... देखि तपसिल बमोजिमको विवरण अनुसार टिम/क्लब/संघ/संस्था गठन गरी सञ्चालन गर्दै आएको व्यहोरा अनुरोध गर्दै नगरपालिकाको नियमानुसार टिम/क्लब/संघ/संस्था सूचीकृत गर्नु पर्ने भएकोले नियम अनुसार सूचिकृत गरिदिन हार्दिक अनुरोध गर्दछौं ।

संलग्न कागजातहरु

क) दर्ता प्रमाण पत्र
ख) चालु आ. व. ........ को लेखा परीक्षण प्रतिवेदन
ग) कर चुक्ता प्रमाण पत्र
घ) समितिको निर्णय

| | |
|---|---|
| सचिव | अध्यक्ष |
| नाम : | नाम : |
| हस्ताक्षर : | हस्ताक्षर : |

अनुसूची ४
(दफा ८ (ङ) संग सम्बन्धित)

## टिम/क्लब/संघ/संस्था सूचीकृत प्रमाण पत्रको नमूना

## टोखा नगरपालिका कार्यालय,
## नगर कार्यपालिकाको कार्यालय, मैजुहिटी, काठमाडौं

## संस्था सूचीकृत प्रमाण पत्र

संस्थाको नाम :..............................................
ठेगाना :.......................................................
दर्ता हुँदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्या :
दर्ता हुदाका बखत रहनु भएको अध्यक्षको नाम :
माथि उल्लिखित विवरण भएको टिम/क्लब/संघ/संस्था सूचिकृत गरी प्रमाण पत्र प्रदान गरिएको छ। टोखा नगरपालिकाको खेलकूद तथा अतिरिक्त क्रियाकलापा विकास कोष र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधिहरु संचालन गर्न अनुमति दिईएको छ।

......................................
प्रमुख प्रशासकीय अधिकृत

### संस्था नविकरणको विवरण

| **क्र. सं.** | टिम/क्लब/संघ/संस्थाको नाम | नविकरण भएको मिति | नविकरण दस्तुर | नविकरण गर्ने कर्मचारीको नाम, हस्ताक्षर र नपाको छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची ५

**(दफा ८ (च) संग सम्बन्धित)**

**नविकरण सम्बन्धी निवेदनको ढाँचा**

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
टोखा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, मैजुहिटी, काठमाडौं ।

**विषय : संस्था नविकरण गरी पाउँ**

श्री__________.............................................................. नामक टिम/क्लब/संघ/संस्था यस नगरपालिकामा दर्ता/सूचीकृत भई खेलकुद सम्बन्धी गतीविधीहरु संचालन गरी रहेको हुँदा तपशिल बमोजिमका कागज पत्र संलग्न राखी नविकरण गरी पाउँ भनी यो निवेदन पेश गरेको व्यहोरा हार्दिक अनुरोध गर्दछु/छौ ।

संलग्न कागजातहरु :

क) आर्थिक वर्ष..................को लेखापरीक्षण प्रतिवेदन

ख) संस्थाको वार्षिक गतिविधिको सारांश,

ग) भावी योजना र बजेट

................
निबेदक